**कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख ५ गते**

बागमती प्रदेश अन्तर्गतको चितवन जिल्लामा वैशाख ५ गते दुई जना कोभिड १९ (कोरोना भाईरस) सङ्क्रमितहरूको पहिचान भएको छ । चितवनबाट वैशाख ४ गते बेलुका ल्याइएको दुई ओटा स्वाबको रिपोर्ट पोजिटिभ देखिएको स्वास्थ्य मन्त्रालयका विज्ञ सल्लाहकार डा. खेम कार्कीले जानकारी दिनुभयो बताउनु भयो । 'बेलायतबाट एक महिनाअघि फर्किएका आमा छोरामा कोरोना पोजिटिभ देखिएको हो । यसअघि भरतपुरमै गरिएको पीसीआर परीक्षणमा पनि पोजिटिभ देखिएपछि थप पुष्टि गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला  ल्याईएको थियो ।' डा कार्कीले भन्नुभयो 'दुवैको भरतपुर अस्पतालमै उपचार भइरहेको छ ।'

वैशाख ५ गते नै उदयपुरमा पनि १२ जना पुरुषमा कोरोना भाइरस पोजेटिभ देखिएसँगै नेपालमा सक्रमितको सख्या ३० पुगेको डा. कार्कीले जानकारी दिनुभयो ।

यसैबीच, बागमती प्रदेश कोभिड सङ्कट व्यवस्थापन समितिले कृषि उत्पादनलाई प्रोत्साहन गर्ने निर्णय गरेको छ । समितिका अध्यक्ष एवम् बागमती प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा वैशाख ५ गते बसेको बैठकले भौतिक दुरी कायम गरी कृषि उत्पादनका लागि चाहिने मल, बिउबिजन उपलब्ध गराउने निर्णय गरेको हो ।

यसैगरी विदेशबाट आएकाहरू खोजी गरी र्‍यापीड टेष्ट र आवश्यक परे पीसीआर टेष्ट पनि गर्ने निर्णय भएको छ । अझै पनि केहि स्थानमा राहत वितरणमा एकद्वार नीति अवलम्बन गरेको नपाईएकोले सङ्घीय सरकारको निर्देशन अनुसार कडाईका साथ एकद्वार प्रराहत वितरण गर्नुपर्ने निर्णय पनि गरेको छ ।

बैठकले प्रदेशमा अलपत्र परेका व्यक्तिहरूको उचित व्यवस्थापनका लागि आवश्यकता अनुसार काम गर्ने, जिल्लामा भएका एम्बुलेन्सलाई कमाण्ड पोष्टमार्फत व्यवस्थापन गरी सञ्चालन गर्ने, एम्बुलेन्स सञ्चालन गर्न अटेर गर्ने संस्था र चालकलाई कारबाही गर्ने निर्णय भएको आर्थिक मामिला तथा योजना मन्त्री कैलाशप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो ।

यसैगरी स्वास्थ्य क्षेत्रका जनशक्तिको अभाव रहेकोले सङ्घीय सरकारसँग माग गर्ने निर्णय पनि गरेको छ । लकडाउनको समयमा विभिन्न अवान्छित क्रियाकलाप गर्नेलाई कारबाही गर्ने र त्यस्ता कृयाकलापलाई निरुत्साहित गर्न स्थानीय तहलाई निर्देशन गर्ने निर्णय भएको मन्त्री ढुङ्गेलले बताउनुभयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार भरतपुर अस्पतालको आइसोलेशनमा रहेका दुई जना (आमा छोरा)मा पीसीआर रिर्पोट पोजेटिभ भेटिएपछि थप यकिन गर्न काठमाडौं पठाइएकोमा दुवै जनामा कोरोना भाइरसको रिपोर्ट पोजेटिभ आएको छ । उहाँहरूको रिर्पोट पोजेटिभ आएपछि वैशाख ४ गते काठमाडौं पठाइएकोमा दुवै जनाको रिपोर्ट पोजेटिभ आएको जानकारी प्राप्त भएको भरतपुर अस्पतालका सूचना अधिकरी लिलाधर पौडेलले बताउनु भयो ।

भरतपुर कोरोना अस्पतालमा ११ जना र भरतपुर अस्पतालको आइसोलेशनमा दुई जना बिरामी रहेका छन् । सरकारले ७ सय ओटा किट पठाएपछि चितवनमा द्रुत परीक्षण भइरहेको छ । चितवनमा वैशाख ५ गते भएको कोरोना परीक्षणमा ३४ जनाको रिर्पोट नेगेटिभ आएको छ ।

यसैबीच सङ्घीय संसदको कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति एवम् चितवन क्षेत्र नम्बर २ का सांसद कृष्णभक्त पोखरेलले बाटोमा अलपत्र परेका पैदल यात्रुको व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनु भएको छ ।

सहज हिडडुल, बसोबास, शान्ति सुरक्षा, खानपिन जस्ता विषय मानव अधिकारसँग सम्बन्धित रहेकाले सरकार गम्भीर हुनुपर्ने उहाँको भनाइ छ । वैशाख ५ गते गृहमन्त्री रामबहादुर थापा बादल र गृहसचिव महेश्वर न्यौपानेसँग फोन सम्वाद गर्दै सभापति पोखरेलले विभिन्न स्थानबाट घर जानका लागि पैदल हिँडेका जनताबीच बाटोमै रोकिएपछि जनप्रतिनिधिको हैसियतले गम्भीर चासो व्यक्त गर्नुभएको हो ।

पैदल यात्रुलाई रोक्दा रोकिएका ठाउँका स्थानीयवासी थप त्रसित हुने, यात्रुको खानेबस्ने सुविधा नहुने जस्ता मानव अधिकारको विषयसँग सम्बन्धित मुद्दा उजागर हुने भएकाले व्यवस्थापनमा ध्यान दिन सांसद पोखरेलले आग्रह गर्नु भएको हो ।
विद्यार्थी सङ्गठन अनेरास्वियु चितवन जिल्ला कमिटिले कोठा भाडामा लिएर बसेका विद्यार्थीहरूसँग भाडा नलिन आग्रह गरेका छन् ।
वैशाख ५ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा ३० ओटा सवारी नियन्त्रणमा लिएको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनुभयो । त्यस्तै दुई जनालाई नियन्त्रणमा लिइएको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार भोटेकोशी गाउँपालिकाले १ करोड २० लाखको कोरोना भाइरस प्रकोप व्यवस्थापन कोष स्थापना गरेको छ ।
वैशाख ५ गते बसेको गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेर कोषको स्थापना गरेको गाउँपालिका अध्यक्ष राजकुमार पौड्यालले बताउनु भयो । अध्यक्ष पौड्यालको भनाई अनुसार गाउँपालिकाको विभिन्न शिर्षकमा रहेको बजेटलाई रुपान्तरण गरेर कोष स्थापना गरिएको अध्यक्ष पौड्यालले बतउनु भयो । कोषमा रहेको रकम कोरोना भाइरस प्रकोप व्यवस्थापन तथा सुरक्षामा खर्च गरिने छ ।
लकडाउन घोषणा भएपछि बन्द भएको मेलम्ची खानेपानी आयोजनाको काम सुरू भएको आयोजनाले जनाएको छ । लकडाउनको समय लामो हुने सम्भावना देखेर आयोजनाको काम सुरू गरिएको आयोजनाका बरिष्ठ इन्जिनियर कमलराज श्रेष्ठले बताउनु भयो । कामदारहरूलाई पासको व्यवस्था मिलाएर आयोजनामा फर्काएर काम सुरू गरेको श्रेष्ठले बताउनु भयो ।
यसैबीच, लकडाउनको समयमा मेलम्ची खानेपानी आयोजनाको काम सुरू गरेको भन्दै हेलम्बु गाउँपालिकाले वैशाख ५ गते विरोध जनाएको छ । गाउँ कार्यपालिकाको बैठक बसेर खानेपानी आयोजनाको काम बन्द गर्न अनुरोध गरेको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन लामाले बताउनु भयो ।
सिन्धुपाल्चोक जिल्लामा वैशाख ५ गतेसम्म १ सय ५१ जनामा कोरोना परीक्षण गरिएको छ । परीक्षण गरिएका सबैको नेगेटिभ रिपोर्ट आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार हाल सम्म १ सय ४३ जनाको र्‍यापीड टेष्ट गरिएको छ भने आठ जनाको स्वाब परीक्षणबाट कोरोना भाइरस नभएको पुष्टि भएको हो ।
काठकाडौँको पेप्सीकोला स्थित सनसीटीबाट सिन्धुपाल्चोक फर्केका ११ जना सबैको र्‍यापीड परीक्षण गरी क्वाराइण्टानमा राखिएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार जिल्लामा वैशाख ५ गतेसम्म ८३ जनाले क्वारेण्टाइन सेवा लिएका छन् भने आठ जनाले आइसोलेशनमा उपचार गरी फर्केका छन् । आइसोलेशनमा रहेका सबैको स्वाब परीक्षणमा कोरोना भाइरस नभएको पुष्टि भएपछि घर फर्केका हुन् ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार हालसम्म कोरोना भाइरस सङ्क्रमण परीक्षण गरिएको भक्तपुरका ३ सय जनाको रिपोर्ट नेगेटिभ आएको छ । कोरोना सङ्क्रमण फैलिएका देशबाट स्वदेश फर्केका भक्तपुरका ३ सय ८ जनाको स्वाब परीक्षणमा ३ सय जनाको रिपोर्ट नेगेटिभ आएको पाटन अस्पतालकी प्रमुख डा. सुमित्रा गौतमले जानकारी दिनुभयो ।
भक्तपुर अस्पतालले विदेशबाट फर्किएका ४९ जनामा वैशाख ५ गते कोभिड-१९ परीक्षण गरेकोमा सबैको र्‍यापीड टेष्ट नतिजा नेगेटिभ आएको छ । आठ जनाको स्वाब नमूना सङ्कलन गरि टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाएको उहाँले जानकारी दिनुभयो ।
भक्तपुरमा वैशाख ५ गतेसम्ममा ३ सय ५६ को कोभिड-१९ परीक्षण भएको छ । जसमा ३ सय ४१ को रिपोर्ट नेगेटिभ आएको र १६ को रिपोर्ट आउन बाँकी भएको जानकारी दिदै डा. गौतमले एक जनाको आईसोलेशन वार्डमा उपचार भइरहेको जानकारी दिनुभयो । अस्पतालले आइसोलेशन वार्डलाई बढाएर २१ शैया बनाएको पनि उहाँले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले कक्षा १० का एसईईका विद्यार्थी लक्षित भर्चुअल कक्षा प्रसारण गर्ने भएको छ । भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले कोरोना सङ्क्रमणका कारण नेपाल सरकारले गरेको लकडाउनको समयलाई सदुपयोग गर्न भक्तपुर नगरपालिकाले एसईई लक्षित भर्चुअल कक्षा भादगाउँ टिभीमार्फत प्रसारण गर्ने भएको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले नगरभित्र लकडाउनको समयमा पनि भिडभाड हुन थालेपछि प्रहरीसँगै स्वयंसेवक परिचालन गरेको छ । एउटा वडामा ५० जना खटाएको छ भने आवश्यता अनुसार परिचानको लागि ज्याकेटसहितका ५ सय जनाभन्दा बढी स्वयंसेवक तयारी अवस्थामा राखेको छ ।

जिल्लाका सूर्यविनायक र चाँगुनारायण नगरपालिकाले पहिलो चरणको राहत वितरण कार्यक्रममा छुटेका दैनिक ज्यालादारी गर्ने मजदुर एवम् गरिबको पुनः नामावलि सङ्कलन गर्न सुरू गरेको छ । छुटेकाहरूको गुनासो आउन थालेपछि पुन नामावली सङ्कलन गर्दै राहत वितरणको कार्य अगाडि बढाउने कार्य गरिने चाँगुनारायणका मेयर सोमप्रसाद मिश्रले जानकारी दिनुभयो ।

इँटा भट्टामा काम गर्ने मजदुरहरू झ्याउलीमा भोकै पर्न थालेका छन् । विभिन्न भट्टाले गाउँगाउँमा इँटा बनाउन तयार पारेका झ्याउली (मजदुर बस्ने टहरो) मा बसेका सयौ मजदुर परिवार यतिखेर भोकै बस्न बाध्य भएका छन् ।

कोरोना भाइरस सङ्क्रमण रोक्न सरकारले लकडाउन गरे पनि निर्वाध रुपमा चलेका इँटा भट्टामा काम गर्ने मजदुरलाई व्यवसायीले राहत एवम् खाद्यान्न उपलब्ध नगराउँदा उनीहरू भोकै परेका हुन् ।

चाँगुनारायण नगरपालिकामा मात्रै ५६ ओटा इँटा भट्टा रहेको र यहाँका इँटा भट्टामा अझै १५ हजारभन्दा बढी मजदुर काममा रहेको नगरपालिकाले जानकारी दिएको छ ।

भक्तपुर इँटा व्यवसायी सङ्घका अध्यक्ष नातीभाई ह्याम्बाले अहिले पनि भक्तपुरका भट्टामा ११ हजारभन्दा बढी मजदुर रहेको बताउनुभयो । उहाँले मजदुरहरूले खान नपाएको आफूले पनि सुनेको बताउँदै काम नभएका मजदुरलाई घर पठाउँछौ भन्दा जिल्ला प्रशासन कार्यालयले अनुमति नदिँदा समस्या आएको बताउनु भयो ।

नगरपालिकाले वितरण गरेको राहत पनि आफूहरूले नपाएको र इँटा व्यवसायीले पनि राहत नदिएको, नाइके पनि पैसा लिएर भाग्न थालेकाले भोकभोकै बस्नु परेको गुनासो मजदुरहरूको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार दोलखाको मेलुङ गाउँपालिका-७ मेलुङले घरघरै पुगेर ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच गरेको छ ।

वडा कार्यालयले आफ्नो वडामा रहेका १ सय ५१ जना ज्येष्ठ नागरिकको घरमै पुगी स्वास्थ्य जाँच गरेको हो । उनीहरूलाई सोहि अवसरमा सामाजिक सुरक्षा भत्ता पनि वितरण गरिएको वडा अध्यक्ष नवराज खड्काले जानकारी दिनुभयो । मेलुङ स्वास्थ्य चौकीका इन्चार्ज सहितको टोलीले घरमै पुगी गरेको स्वास्थ्य परीक्षणका क्रममा ५५ जनाको अवस्था सामान्य रहेको पाइएको छ ।

त्यसैगरि ४३ जना ज्येष्ठ नागरिकमा रुघाखोकी, १६ जनामा नाक कान घाँटीको समस्या, २० जनामा ग्याष्टिकको समस्या र १२ जनामा हाडजोर्निको समस्या देखीएको वडा अध्यक्ष खड्काले बताउनु भयो ।

यसैबीच, दोलखामा रगतको अभाव हुन थालेपछि रक्तदान कार्यक्रम आयोजना हुने भएको छ । नेपाल रेडक्रस सोसाइटी दोलखा शाखाले सञ्चालन गर्दै आएको एक मात्र ब्लड बैंकमा रगतको अभाव भएको थियो । रगतको अभाव टार्न भन्दै जिल्ला सहकारी सङ्घ दोलखाको आयोजनामा प्राथामिक स्वास्थ्य केन्द्र चरिकोटमा आगमी वैशाख ७ गते रक्तदान कार्यक्रम राखिएको सङ्घका अध्यक्ष हेमन्त चौलागाईले जानकारी दिनुभयो । सामाजिक दुरी कायम गरी विहान १० बजेदखी दिउँसो २ बजेसम्म रक्तदान कार्यक्रम गरिने छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार सिन्धुलीका विभिन्न ठाउँमा गरि वैशाख ५ गते ३५ जनाको र्‍यापीड टेष्ट गरिएको छ । जाँच गरिएका सबैको रिपार्ट नेगेटिभ आएको छ । घयाङलेख १३ जना, फिक्कलमा २१ जना र सिन्धुली अस्पतालमा एक जना गरी ३५ जनाको र्‍यापीड टेष्ट गरिएको स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ । हालसम्म सिन्धुलीमा २ सय ८ जनामा र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको थियो ।

कमलामाई नगरपालिका अन्तर्गतका १५ ओटा स्वास्थ्य संस्थाले वैशाख ५ गते १ सय ६७ जना बिरामीको जाँच गरेको छ । जाँच गरेका बिरामीमा ज्वरो आएका १६ जना, रुघाखोकी लागेका १५ जना, स्वाश प्रस्वाशमा समस्या भएका दुई जना र विदेशबाट आएका एकजनाको स्वास्थ्य परीक्षण गरेको नगरपालिकाले जनाएको छ ।

सुनकोशी गाउँपालिकाले काठमाडौँबाट विपी राजमार्ग हुदै पूर्वी तराई र पूर्वी पहाड जाने १ सय ५० जना पैदल यात्रुलाई सवारी साधान र खानाको व्यवस्था गरि उद्धार गरेको सुनकोशी गाउँपालिकाका अध्यक्ष दीपा बोहोरा दाहालले बताउनु भयो । गाउँपालिकाले लकडाउन सुरु भएदेखि हालसम्म दैनिक पैदल यात्रुको उद्धार गरिरहेको छ ।

हालसम्म करिब ८ हजार नागरिकको उद्धार गरि सिन्धुलीको सीमा कटाउन सहयोग गरिएको छ । गाउँपालिका भित्र उपलब्ध तरकारी बोक्ने गाडी, जिल्लाका नीजि विद्यालयका बसहरू, विभिन्न नीजि कम्पनीका गाडीहरूसँगको समन्वयमा यात्रुहरूको उद्धार गरिएको हो ।

कमलामाई नगरपालिकाले विदेशबाट आउने नागरिकको तथ्याङ्कमा थप अपडेट गरेको छ । वैशाख ५ गतेसम्म नगरपालिकामा ९५ जना विदेशबाट आएको नगरपालिकाले जनाएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दुधौली नगर कमिटीले दुधौली नगरपालिकाको कोरोना व्यवस्थापन कोषमा ५० हजार सहयोग गरेको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उलङ्घन गरेको आरोपमा वैशाख ५ गते ४ सय ४२ जनालाई महानगरीय प्रहरी परिसरले कारबाही  गरेको छ ।

विदेशबाट आएर ललितपुर जिल्लामा बसोबास गर्दै आएका मध्ये बागमती गाउँपालिकामा वैशाख ८ गते मात्रै र्‍यापीड टेष्ट गरिने भएको छ । ललितपुरका अरु पाँच ओटा स्थानीय तहमा वैशाख ४ गतेसम्म ३ सय ९८ जनाको कोभिड-१९ को परीक्षण गरिएकोमा सबैको नेगेटिभ रिपोर्ट आएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।

कोभिड-१९ को सङ्क्रमण पुष्टि भएका दुई जना बिरामीको उपचार भइरहेको छ भने वैशाख ५ गते नयाँ बिरामी नआएको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।

ललितपुर महानगरपालिका कार्यपालिका बैठकले सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को भवनमा २० बेडको क्वारेण्टाइन बनाउने निर्णय गरेको सामाजिक विकास समितिका संयोजक दिनेश कार्कीले जानकारी दिनुभयो ।

महानगरपालिकाले स्थानीय सरकारबीच समन्वय गरी धादिङको तरकारी ललितपुरमा ल्याएर विक्री गर्ने व्यवस्था मिलाउन सामाजिक विकास समितिका संयोजक दिनेश कार्कीको संयोजकत्वमा जिम्मेवारी दिएको प्रवक्ता राजु महर्जनले बताउनु भयो ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लामा वैशाख ५ गतेसम्म ८८ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।

वैशाख ५ गतेसम्म मन्थली नगरपालिकामा १० जना, रामेछाप नगरपालिकामा २४ जना, लिखुतामाकोशी गाउँपालिकामा ६ जना, सुनापति गाउँपालिकामा सात जना र गोकुलगंगा गाउँपालिकामा ४१ जनाको र्‍यापीड टेष्ट गरिएको जिल्ला अस्पताल रामेछापका प्रमुख जितेन्द्र कर्णले जानकारी दिनुभयो ।

जिल्लामा वैशाख ५ गतेसम्म छिमेकी मुलुक भारत र अन्य विभिन्न देशबाट आएका ४५ जना क्वारेण्टाइनमा छन् ।

आठ ओटा स्थानीय तहमा हालसम्म कोरोना परीक्षण तथा उपचारका लागि ३ सय १ बेडको क्वारेण्टाइन र ५८ बेडको आईसोलेशन कक्ष स्थापना गरिएको छ । कोरोना भाइरसको परीक्षण तथा उपचारमा सङ्लग्न स्वास्थ्यकर्मीहरूका लागि १ सय ८१ थान पीपीई रहको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार स्थानीय तहहरूले असङ्गठित श्रमिक तथा असहायलाई दोस्रो चरणको राहत वितरणका लागि लगत सङ्कलन सुरू गरेका छन् । यस अघि २ सय

६७ परिवार रहात बितरण गरेको कालिका गाउँपालिकाले अहिले ३ सय ५० परिवारलाई राहत वितरण तयारी गरेको छ । पहिलो चरणको असङ्गठित श्रमिक राहत वितरण अन्तर्गत गोसाँइकुण्ड गाउँपालिकामा ५ सय ३३ जना लगत सङ्कलन भएको र अहिले राहत वितरण भइरहेको गोसाँइकुण्ड गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवीलाल सापकोटाले बताउनु भयो ।
त्यसैगरी उत्तरगया गाउँपालिकामा राहत  पाउनेहरू ९ सय ५० परिवारको लगत तयार भएकोमा वडा नं १ मा ७ सय परिवार विस्थापितलाई राहत वितरण सुरू भएको गाउँपालिका उपाध्यक्ष चमेली गुरुङले बताउनु भयो । अरु वडामा राहत वितिरण सकिएको छ । जिल्लाभर २ सय ७३ स्वास्थ्य परीक्षण गरिएकोमा सबैको सामान्य ज्वरो, रुघा, खोकी देखिएको छ । जिल्लामा २९ स्वास्थ्य संस्था हेल्थ डेक्स ९ ओटा, २ सय १० बेड क्वारेण्टाइन, ३५ बेड आईसोलेशन तयार भएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार र्‍यापीड टेष्टको क्रममा एण्टीबडी पोजेटिभ देखिएको ज्वालामुखी गाउँपालिका-३ मैदी अमराइका एक युवामा पीसीआर जाँचमा कोरोना नेगेटिभ पाइएको छ ।
वैशाख २ गते र्‍यापीड टेष्टमा एण्टीबडी पोजेटिभ देखिएका युवाको स्वाब परीक्षणमा रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पताल धादिङका अध्यक्ष महेन्द्र धमलाले जानकारी दिनुभयो ।
रिपोर्ट नेगेटिभ आएको भएपनि उच्च सतर्कता भने अपनाउनुपर्ने धमलाले बताउनु भयो । धादिङको बेनीघाट रोराङ गाउँपालिकाले सञ्चालनमा ल्याएको विपद कोषमा वैशाख ४ गतेसम्म सहयोग गर्नेहरूको नाम सार्वजनिक गरिएको छ  ।
धादिङको सिद्धलेक गाउँपालिकामा २० जनाको र्‍यापीड टेष्टबाट कोरोना भाइरसको परीक्षण गरिएको छ । वैशाख ५ गते सिद्धलेक गाउँपालिकाले आरडीटी विधिमार्फत् २० जनामा परीक्षण गरिएको र सबैको रिपोट नेगेटिभ आएको स्वास्थ्य संयोजक रामप्रसाद सिलवालले बताउनु भयो । गाउँपालिकाका अध्यक्ष पेमनाथ सिलवालले गाउँपालिका भित्र जीउधनको रक्षा गर्नको लागि आफू प्रतिबद्ध रहेको बताउनु भयो ।
राहत वितरणको कार्यक्रम अब सुरू गर्ने भन्दै उहाँले समस्यामा परेका व्यक्तिहरूको घर पहिचाहन गर्ने कार्यक्रम भईरहेको बताउनु भएको छ । नौबिसेका युवाहरूले पैदलयात्री मजदुरहरूलाई निशुल्क खाना खुवाएका छन् । धादिङको धुनीबेशी नगरपालिका नौबिसेका युवाहरूले लकडाउनमा राजमार्ग हुँदै गन्तव्यमा हिँडेका विभिन्न जिल्लाका पैदलयात्री मजदुरहरूलाई निःशुल्क खाना खुवाएका हुन ।
लकडाउनले गर्दा खासगरी देशका विभिन्न शहरहरूमा रहेर दैनिक ज्याला मजदुरी गरि खाने घरपरिवारको काम नहुदा बिहान बेलुकाको छाक टार्न समस्या भएपछि मजदुरहरू दिन प्रतिदिन शहर छोडेर पैदल यात्रा गर्दै आफ्नो गाउँ घरतिर लागिरहेका छन् ।
ज्वालामुखी गाउँपालिका-३ अमराईमा स्वास्थ्य सामग्री बोकेको एम्बुलेन्स तोडफोड गरिएका चालक किशन श्रेषठलाई प्रहरीले गिरफ्तार गरेको छ ।
आरडीटीमा पोजिटिभ देखिएका ज्वालामुखीकै २७ वर्षीय युवकलाई अस्पताल लैजान नमानेको आरोपमा पक्राउ गरि आरोपितलाई अभद्र व्यवहार अन्तरगत मुद्दा चलाएको प्रहरी नायव उपरीक्षक रुपक खड्काले जानाकारी दिनुभयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार उच्च ज्वरो आएर धुलिखेल अस्पताल भर्ना भएका रामेछाप स्थायी घर भएको दुई जना निको भएर घर फर्किएका छन् ।
विदेशबाट हाल बनेपा बस्दै आएका दुई जना निको भएर घर फर्किएको जिल्ला स्वास्थ्य कर्यालय काभ्रेका प्रमुख डा. नरेन्द्र कुमार झाले जानकारी दिनुभयो । उनीहरू वैशाख ३ गते धुलिखेल अस्पताल भर्ना भएका थिए ।
उनीहरूमा कोरोना भाइरस सङक्रमण नभएको वैशाख ५ गते पुष्टि भएको हो । ती दुवै जनामा वैशाख ४ गते आरडीटी र पीसीआर दुवै परीक्षण गर्दा कोरोना भाइरस नभएको पाइएको डा. झाले बताउनु भयो । वैशाख ५ गते जिल्लाको विभिन्न स्थानीय ११ जनाको र्‍यापीड टेष्टमा कोरोना भाइरसको

परीक्षण गरिएको छ । जिल्लामा लकडाउन उल्लङ्घन गर्ने १८ ओटा सवारी साधन कारबाहीमा परेका छन् ।
तेमाल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने सबै नाकामा ढाँड राखेको छ । ०७७ वैशाख ५ गते गाउँपालिका प्रमुख समाल सिंह तामाङ आफै पुगेर बोहोर दोभान, खहरेघाट, पचुवारघाट लगायतका स्थानमा ढाँड राखिएको हो ।
पालिकाले वैशाख ४ गते सूचना निकालेर तेमालभित्र प्रवेश गर्ने १० ओटा नाका सिल गर्ने निर्णय गरेको थियो ।
काभ्रेको विकट क्षेत्रमा पर्ने खानीखोला गाउँपालिकाको तीन ओटा वडाको संयुक्त बैठक वैशाख ५ गते बसेको छ । वडा नं. १, २ र ६ को संयुक्त बैठक बसेरे नाका सिल गर्ने, स्वयमसेवक खटाउनेलगायतको निर्णय गरेको गाउँपालिकाका प्रवक्त एवम् वडा नं. ६ का अध्यक्ष मानबहादुर गोलेले बताउनु भयो ।
बैठकले अत्यावश्यक र पास बाहेकको सबै सवारी साधनमा रोक लगाउने र वडालाई आवश्यक पर्ने खाद्यान्न सामानको सूची तयार पारेर सवारी पासका लागि गाउँपालिकामा सिफारिस गर्ने निर्णय गरेको छ ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार नेपालमा कोभिड १९ (कोरोना भाईरस) सङ्क्रमितहरू एकै दिन १४ जना थपिएका छन् । वैशाख ५ गते उदयपुरमा १२ जना पुरुषहरु तथा चितवनका एकएक जना  महिला र पुरुष गरी दुई जना थपिएको स्वास्थ्य मन्त्रालयका विज्ञ सल्लाहकार डा. खेम कार्कीले जानकारी दिनुभयो ।
चितवनबाट वैशाख ४ गते बेलुका ल्याइएको दुई ओटा स्वाबको रिपोर्ट पोजिटिभ देखिएको  डा. कार्कीले बताउनु भयो । 'बेलायतबाट एक महिनाअघि फर्किएका आमा छोरामा कोरोना पोजिटिभ देखिएको हो । यसअघि भरतपुरमै गरिएको पीसीआर परीक्षणमा पनि पोजिटिभ देखिएपछि थप पुष्टि गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला ल्याईएको थियो ।' डा कार्कीले भन्नुभयो 'दुवैको भरतपुर अस्पतालमै उपचार भइरहेको छ ।'
यसैबीच, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सुदुरपश्चिम प्रदेशमा भारतबाट स्वदेश भित्रिनेहरूको सङ्ख्यालाई मध्यनजर गर्दै कोभिड १९ को रोकथाम तथा निवारणका लागि थप ३४ जना चिकित्सकहरू खटाएको छ ।
मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाले नियमित पत्रकार सम्मेलनमा राष्ट्रिय चिकित्सा अध्ययन प्रतिष्ठानमा एमडिएमएसमा अध्ययनरत चिकित्सकहरूलाई वैशाख ५ गते नै हवाईजहाज चार्टर गरी मुख्यमन्त्री कार्यालयमा रहेर काम गर्ने गरी पठाईएको जानकारी दिनुभयो । प्रवक्ता डा. देवकोटाले पीसिआरबाट ७ हजार ६ सय ८८ र आरडीटीबाट १६ हजार ५ सय ६५ गरी दुवै प्रविधिबाट हालसम्म २४ हजार २ सय ५३ जनाको परीक्षण गरिएको बताउनु भयो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौंडा उपमहानगरपालिकाभित्र भएको र्‍यापीड टेष्टमा एण्टीबडी पोजिटिभ देखिएका चार जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ । हेटौंडा उपमनपा-१० स्थित कोरोना परीक्षण प्रयोगशालाबाट प्राप्त रिपोर्ट अनुसार सबैको रिपोर्ट नेगेटिभ पाइएको प्रयोगशालाले जनाएको छ । वैशाख ५ गते बिहान स्वाबको पीसीआर रिपोर्ट नेगेटिभ आएको बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
हेटौंडा उपमनपा-४ स्थित बासुदेव सभागृहमा वैशाख ४ गते ४० जनाको टेष्ट गर्दा चार जनाको रिपोर्टमा एण्टीबडी पोजेटिभ देखिएको थियो ।
हेटौंडा उपमहानगरपालिका-४ बासुदेव सभागृहमा वैशाख ५ गते गरिएको ४७ जनाको र्‍यापीड टेष्ट गरिएको छ । सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
हेटौँडा उपमहानगरपालिकालाई हिमालय मुटु नेपाल र शिद्धास्थली ग्रामिण सामुदायिक अस्पतालले स्वास्थ्यका सामग्री सहयोग गरेको छ ।

सस्थाले पीपीई १० सेट, ग्लोव्स १ हजार थान, मास्क १ हजार २ सय थान, साबुन २ सय ८० थान, बडीवास ४४ थान, अस्पतालका लागि इमरजेन्सी किट, एप्रोन १ सय थान, गाउन १० ओटालगायत सहयोग गरेको हो ।

**इन्सेक बागमती प्रदेश कार्यालय, मकवानपुर**